# बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६

(कृषि विभागबाट स्वीकृत मितिः २०७६/०५/२५)


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र

किर्तिपुर, काठमाण्डौ

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

# बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६

प्रस्तावनाःनेपालमा आलुवाली खाद्य सुरक्षाको हिसाबले निकै महत्वपूर्ण वालीको रुपमा रहेको छ । उच्च पहाड तथा दुर्गम क्षेत्रमा आलुलाई खाद्यवालीकै रुपमा लिइने गरिन्छ भने मध्यपहाड तथा तराईका जिल्लाहरुमा तरकारीको रुपमा प्रयोग गर्ने गरिन्छ।आर्थिक वर्ष २०७४/७५ मा नेपालमा १ लाख ९५ हजार हेक्टर क्षेत्रफलमा२८ लाख ८२ हजार टन आलु उत्पादन भएको थियो ।व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सन २०१७ को तथ्याङ्क अनुसार नेपालमा ५अर्व ८१ करोड मूल्यको ३ लाख ५३ हजार टन आलु आयात भएको देखिन्छ जुन आन्तरिक उत्पादनको १२.२५% हो।साथै आलुवालीको बीउ प्रयोगदर १८देखि २० प्रतिशत (क्षेत्रफलको आधारमा) रहेको अनुमान छ।हाल नेपालको औषत आलु खपत करीव ८५ के.जी./वर्ष/व्यक्ति रहेको छ। वढ्दो आलु खपतको कारण १५ वर्ष अगाडिको तुलनामा उत्पादन दोव्वर हुँदा समेत आलुमा आत्मनिर्भर हुन सकिएको छैन र आशातित रुपमा आलुको उत्पादकत्व समेत वढ्न सकिरहेको छैन। अन्य मुलुकको तुलनामा नेपालमा आलुको उत्पादकत्व न्यून रहनुमा गुणस्तरीय बीउआलुको सर्वसुलभ उपलब्धता हुन नसक्नु रहेको छ।तन्तु प्रजनन प्रयोगशालाहरुवाट उत्पादन भएका पूर्व मूल बीउआलुलाई बीउ प्रमाणीकरण पद्धतिबाट बीउ उत्पादन गरी प्रमाणित उन्नत बीउ कृषक समक्ष पुऱ्याउन सकेमा उत्पादन र उत्पादकत्वलाई वढाउन सकिन्छ।

कृषि विकास रणनीति (सन् २०१५-२०३५), बीउ विजनको दीर्घकालिन राष्ट्रिय सोच (सन् २०१३-२०२५) तथा राष्ट्रिय कृषि नीति, २०६१ मा समेत प्रत्यक्ष अप्रत्यक्ष रुपमा आलुको उत्पादन तथा उत्पादकत्व बढाउने लक्ष्य लिईएको परिप्रेक्ष तथा नेपाल सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमको बुदाँ नं ६८ मा कृषिको उत्पादन र उत्पादकत्व वृद्धिको लागि आधुनिकीकरण, यान्त्रिकरण तथा व्यवसायिकरणमा सामूहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्ने उल्लेख भएको र आर्थिक वर्ष २०७६/७७ को वजेट वक्तव्यको बुदाँ नं ९४ मा आलु र प्याजको आन्तरिक उत्पादन वढाउने गरी विशेष कार्यक्रम लागू गर्ने उल्लेख भएको सन्दर्भमा आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले "बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६" स्वीकृत गरी लागू गरेको छ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:(१) यस कार्यक्रम सञ्चालन प्रकृयाको नाम "बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन प्रकृया तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सञ्चालन प्रकृयामा:-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्न उपलब्ध गराईएको अनुदान सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिमको कार्यक्रममा छनौट भई अनुदान प्राप्त गर्ने आवेदक सम्झनु पर्दछ।

(ग) "आवेदक" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिमको कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्ने आवेदक सम्झनु पर्दछ।

(घ) "कार्यक्रम " भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम सञ्चालन हुने बीउआलु आत्मनिर्भर कार्यक्रम सम्झनु पर्दछ।

(ङ) "क्लस्टर" भन्नाले तराईमा ५० हेक्टरको जमीन र पहाडी भू-भागमा २५ हेक्टरको जमीनलाई सम्झनुपर्दछ।

(च) "केन्द्र" भन्नाले राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र सम्झनु पर्दछ।

(छ) "नेपाल सरकारबाट स्वीकृत कार्यविधि" भन्नाले कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यवधि, २०७६ सम्झनु पर्दछ।

(ज) "कार्यक्रम सञ्चालन प्रकृया" भन्नाले कृषि विभागबाट स्वीकृत "बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया ,२०७६" सम्झनुपर्दछ।

(झ) "प्रस्ताव" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिमको कार्यक्रममा सहभागी हुन आवेदकबाट पेशभएको प्रस्ताव सम्झनु पर्दछ।

(ञ) "प्राविधिक तथा मूल्याङ्कन उपसमिति वा उप समिति" भन्नाले दफा ७ को उपदफा (४) बमोजिमको समितिबाट दफा ७ को उपदफा (७) बमोजिम गठन हुने उप समिति सम्झनुपर्दछ।

(ट) "पूर्व मूल बीउआलु" भन्नाले तन्तु प्रजनन प्रयोगशालावाट उत्पादन गरिएको भाईरस मुक्त बीउआलुलाई सम्झनु पर्दछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

(ठ) "सिफारिस समिति" भन्नाले दफा ७ को उपदफा (४) बमोजिमको समिति सम्झनुपर्दछ।

(ड) "वार्षिक स्वीकृत कार्यक्रम" भन्नाले केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम सम्झनु पर्दछ।

३. <u>उद्देश्यः</u> यस कार्य सञ्चालन प्रकृयाको देहाय बमोजिमको उद्देश्य रहेको छः-

(क) गुणस्तरीय बीउआलुको प्रयोगबाट आलुको उत्पादन र उत्पादकत्व वढाई आयात प्रतिस्थापन गर्न सहयोग पुर्याउने।

(ख) आलुको बीउ उत्पादनमा प्रमाणीकरण पद्धती लागू गर्ने ।

४. <u>अपेक्षित प्रतिफलः</u> बीउआलु आत्मनिर्भर कार्यक्रम आ.व. २०७६/७७ बाट शुरु भई आ.व.२०८०/८१ (५ वर्ष) सम्म सञ्चालन हुनेछ । पाँच वर्ष सम्म आवश्यकता अनुसार वजेटको सुनिश्चितता, प्राकृतिक प्रकोप तथा बीउआलु उत्पादनको लागि अन्य प्रतिकूल वातावरण नभएको खण्डमा यस कार्यक्रमबाट तपसिल बमोजिमको प्रतिफल हासिल हुनेछः-

बीउआलु आत्मनिर्भर कार्यक्रमको अनुमानित बीउआलु क्षेत्रफल र उत्पादन विवरण

| बीउआलुको स्तर /आर्थिक वर्ष | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाचौ वर्ष | |
| | हे. | मे.टन | हे. | मे.टन | हे. | मे.टन | हे. | मे.टन | हे. | मे.टन |
| मूल बीउआलु | ५ | ६० | ५ | ६० | ५ | ६० | ५ | ६० | ५ | ६० |
| प्रमाणीत प्रथम बीउआलु | | | ४० | ४८० | ४० | ४८० | ४० | ४८० | ४० | ४८० |
| प्रमाणीत द्वितिय बीउआलु | | | | | ३२० | ३८४० | ३२० | ३८४० | ३२० | ३८४० |
| उन्नत बीउबीउआलु | | | | | | | २५६० | ३०७२० | २५६० | ३०७२० |
| जम्मा | ५ | ६० | ४५ | ५४० | ३६५ | ४३८० | २९२५ | ३५१०० | २९२५ | ३५१०० |

प्रसाद पौडेल

यस कार्यक्रमको मूख्य अपेक्षित उपलव्धीहरु निम्नानुसार हुनेछन:-

(१) आगामी ५ वर्षमा गुणस्तरीय बीउआलुको प्रयोगलेआलुको उत्पादन र उत्पादकत्वमा वृद्धीभई आलुको आयात प्रतिस्थापनमा सहयोग पुग्नेछ।

(२) बीउआलु उत्पादनमा प्रमाणीकरण पद्धति लागू हुनेछ।

(३) आगामी ५ वर्षमा बीउआलु प्रतिस्थापन दरवृद्धी हुनेछ।

५. <u>रणनीतिः</u> सहकारी, समूह तथा निजी फार्मलाई समेटी तराईमा ५० हेंक्टर र पहाडी भूभागमा २५ हेक्टर सगोलमा जग्गा भएको क्लस्टरहरुमा आलु उत्पादन गरी व्यवसायिक बीउआलु उत्पादन तर्फ उन्मुख गराउन कृषकलाई अभिमुखीकरण गराईनेछ। तराईका जिल्लाहरुमा ५० हेक्टर क्षेत्रफलको वढीमा ८ वटा र पहाडी जिल्लाहरुमा २५ हेक्टर क्षेत्रफलको वढीमा ३ वटा क्लस्टरमा बीउआलु आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममा प्रथम वर्षमा मूलबीउ दोस्रो वर्षमा मूलबीउ र प्रमाणीत प्रथम, तेस्रो वर्षमा मूलबीउ, प्रमाणीत प्रथम र प्रमाणीत द्वितिय तथा चौथो वर्षमा मूलबीउ, प्रमाणीत प्रथम, प्रमाणीत द्वितिय र उन्नत बीउ उत्पादन गरिनेछ। उत्पादित उन्नत बीउआलुलाई पाचौं वर्षमा बजारीकरणको कार्यक्रम सञ्चालन गरिनेछ। यसरी बीउआलु उत्पादन गर्दा प्रमाणीकरण गरिएको बीउआलु उत्पादन गर्ने समूह/सहकारी/निजी फार्मलाई मात्र अनुदान उपलव्ध गराईनेछ। समूहलाई मूलबीउ देखि उन्नत बीउआलु उत्पादनको प्रक्रियामा संलग्न गराउनको लागि पाँच वर्षसम्म निरन्तर एउटै क्लस्टरमा कार्यक्रम सञ्चालन गरिनेछ।

६. <u>कार्यक्रम लागू हुने क्षेत्र र समयावधिः</u> यो कार्यक्रम आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१ सम्म सञ्चालन गरिनेछ। पहिलो आ.व. २०७६/७७ मा यो कार्यक्रम झापा, सुनसरी, लमजुङ्ग, कास्की, स्याङ्जा, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा सञ्चालन गरिनेछ। त्यस पश्चात यस कार्यक्रमको प्रभावकारीता , सम्भाव्यता र वजेट उपलव्धताको आधारमा आवश्यक परेमा परिमार्जन सहित थप क्षेत्रहरुमा लागू गरिनेछ ।

## परिच्छेद-२

## बीउआलु आत्मनिर्भर कार्यक्रम संचालन प्रक्रिया

७. <u>कार्यक्रम सन्चालन प्रक्रियाः</u>(१) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम कार्यक्रम सञ्चालन गर्न योग्य आवेदकबाट प्रस्ताव लिन केन्द्रले ३० दिने म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि आवेदकले अनुसूची-१ वमोजिम निवेदनको साथमा अनुसूची-२ वमोजिमको व्यवसायिक योजना सहित देहाय वमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः-

सूर्य प्रसाद पौडेल
महानिर्देशक

(क) माग निवेदनको साथ समूह/सहकारी/नीजि फार्म सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्वर नलिएका आवेदकले छनौट भएको खण्डमा सम्झौता पूर्व अनिवार्य रुपमा स्थायी लेखा नम्वर लिई पेश गर्नुपर्नेछ।

(ख)आवेदकले कानून अनुसार पुरा गर्नुपर्ने दायित्वहरु जस्तै लेखा परीक्षण, करचुक्ता, नविकरण पुरा गरेको प्रमाणपत्रको प्रतिलिपी।

(ग)समूह/सहकारी/नीजि फार्मको कार्यसमितिको बैठकले बीउआलु आत्मनिर्भर कार्यक्रमको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपी।

(घ)बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रवाट लिईएको मूल बीउ उत्पादन अनुमतिपत्रको प्रतिलिपी, मूल बीउ उत्पादन अनुमति पत्र नलिएका आवेदकले सम्झौता पूर्व अनिवार्य रुपमा मूल बीउ उत्पादन अनुमति लिई पेश गर्नुपर्नेछ।

(ङ)तराईको हकमा ५० हेक्टर र पहाडको हकमा २५ हेक्टर जमीनमा कम्तीमा पाँच वर्ष बीउआलु उत्पादन गर्ने कृषकहरुको प्रतिवद्धता जाहेर भएको र जग्गाको विवरण सहितको कृषकहरुसँग समूह/सहकारी/निजी फार्मले गरेको सम्झौता पत्रको प्रतिलिपी। निजी फार्मको हकमा उक्त जग्गा भाडामा भएमा कम्तीमा १० वर्षको नियमानुसार करार सम्झौता भएको वा निजी भएमा जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपी।

(च) दुई वा दुईभन्दा वढी समूह/सहकारी/निजी फार्महरु आपसमा मिली संयुक्त रुपमा क्लस्टर वनाई प्रस्ताव पेश गर्ने गरी आवेदन दिएमा नेतृत्व गर्ने समूह/सहकारी/नीजि फार्मखुल्ने गरीसमूह/सहकारी/निजी फार्महरु बीचको संयुक्त सहकार्य/कार्य सञ्चालनको सहमती पत्र समेत पेश गर्नुपर्नेछ।

(३) यस कार्यक्रम सञ्चालनको लागि केन्द्र फोकल कार्यालयको रुपमा रहनेछ र हरेक जिल्लामा कार्यक्रम सञ्चालनको लागि कृषि प्राविधिक करारमा लिने कार्य केन्द्रको हुनेछ। कृषि प्राविधिकको सेवा, सुविधा, काम, कर्तव्य र अधिकार केन्द्रले तोके वमोजिम हुनेछ। कृषि प्राविधिकको योग्यता निम्नानुसार हुनेछः

(क) कृषि प्राविधिक कम्तीमा कृषि बाली विज्ञान विषयमा जे.टि.ए. पास गरेको हुनुपर्नेछ।

(ख)कम्तीमा १ वर्षको अनुभव भएको हुनुपर्नेछ।

(ग)बीउआलु उत्पादनमा काम गरेका कृषि प्राविधिकलाई प्राथमिकता दिईनेछ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| प्रमुख, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | -संयोजक |
| प्रमुख, आर्थिक प्रशासन शाखा, रा.आ.त.म.बा.वि. केन्द्र | -सदस्य |
| प्रतिनिधि, वाणिज्य बैंक | -सदस्य |
| वरिष्ठ बागवानी विकास अधिकृत, रा.आ.त.म.वि.केन्द्र | -सदस्य सचिव |

(५) उपदफा (४) बमोजिमको समितिले आर्थिक, कानुनी एवं प्राविधिक विषयमा परामर्श तथा राय सल्लाह लिन विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्ने ।

(ख) छनौट भएका समूह/सहकारी/नीजि फार्मलाई अनुदान उपलव्ध गराउन आवश्यकता अनुसार कार्यक्रम र सम्झौतापत्र परिमार्जन गरी सम्झौता गर्न स्वीकृती दिने।

(ग) सञ्चालित क्लस्टरहरुलाई अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यान्वयनका सम्वन्धमा मार्गदर्शन दिने तथा प्राविधिक सल्लाह सुझाव दिने।

(घ) अनुदान रकमको हिसाव पेश नगर्ने वा सदुपयोग नगर्ने समूह/सहकारी/निजी फार्मलाई कारबाहीका लागि प्रक्रिया अघि वढाउने।

(ङ) यस कार्यक्रम सञ्चालन प्रकृया अनुरुप अनुदान सम्वन्धी आएका समस्या निराकरण गर्ने।

(७) कार्यक्रम सञ्चालन प्रकृया अनुरुप प्राप्त प्रस्तावहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिश, संचालित क्लस्टरहरुको अनुगमन तथा भुक्तानी सिफारिशलगायतको कार्य गरी समितिको काममा सहयोग गर्न उपदफा (४) बमोजिमको समितिले आवश्यकता अनुसार प्राविधिक तथा मूल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम गठन हुने उप समितिको काम, कर्तव्य र अधिकार सिफारिस समितिले तोके बमोजिम हुनेछ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

## परिच्छेद-३

## प्रस्तावको मूल्याङ्कन, छनौट, सम्झौता एवं अनुदान प्रवाह

८. दफा ७ को उपदफा (४) बमोजिमको प्राविधिक तथा मूल्याङ्कन समितिले प्रारम्भिक मूल्याङ्कनका लागि दफा ७(२) को (क) देखि (च) सम्मको आधारमा सूचक वनाउनेछ। सा सूचकको आधारमा दफा ७ को उपदफा (७) बमोजिम गठन हुने प्राविधिक तथा मूल्याङ्कन उपसमितिले पेश हुन आएका प्रस्तावको मूल्याङ्कन गर्नेछन र स्वीकृती वा अस्वीकृतीका लागि प्राविधिक तथा मूल्याङ्कन समितिमा पेश गर्नेछन। सो सूचक अनुसार पूर्णरुपमा पेश भएको प्रस्तावलाई प्रारम्भिक चरणमा सफल प्रस्ताव मानिनेछ भने अपूर्ण रुपमा पेश भएको प्रस्तावलाई असफल प्रस्ताव मानिनेछ।

९. दफा ८ अनुसारको प्रारम्भिक मूल्याङ्कनमा सफल प्रस्तावहरुलाई विस्तृत मूल्याङ्कनको लागि योग्य मानिनेछ र यस्ता प्रस्तावहरुलाई प्राविधिक तथा मूल्याङ्कन समितिले अनुसूची-३ बमोजिमको मूल्याङ्कनको मापदण्डको आधारमा मूल्याङ्कन गरी स्वीकृत वा अस्वीकृत गर्नेछ।

१०. दफा (९) बमोजिम छनौट भएको प्रस्तावलाई प्राविधिक तथा मूल्याङ्कन उपसमितिले स्थलगत निरिक्षण गर्नेछ।

११. प्रस्ताव मूल्याङ्कनमा राम्रो देखिएको तर उपदफा (९) बमोजिमको स्थलगत निरिक्षणका क्रममा प्रस्तावमा पेश गरिए वमोजिम नपाईएमा त्यस्ता प्रस्तावहरुलाई अयोग्य प्रस्तावको रुपमा उपसमितिले समितिमा पेश गर्न सक्नेछ।

१२. प्राविधिक तथा मूल्याङ्कन समितिले छनौट गरेका आवेदकहरुलाई बीउआलु उत्पादन गर्न केन्द्रले अनुदान स्वीकृती दिनेछ।

१३. <u>सम्झौता एवं अनुदान भुक्तानी सम्बन्धी व्यवस्था:</u> (१) उपदफा (१२) बमोजिमको अनुदानग्राहीसँग अनुसूची-४ बमोजिमको प्रतिवद्धता लिइ आवश्यक वार्ता गरी केन्द्रले अनुसूची-५ बमोजिम सम्झौता गर्नेछ।

(२) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम वार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रही नेपाल सरकारवाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा गरिने सम्झौता एवं अनुदान प्रवाह विधि नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

१४. अनुदान सम्झौताको कुल रकमको बढिमा २% (दुई प्रतिशत) रकम कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ। यसरी कट्टा गरिएको रकम कागज पत्र तयारी, वैठकभत्ता, फाइलिङ्ग, प्रस्ताव मूल्याङ्कन पारिश्रमिक आदिमा केन्द्रले खर्च गर्नेछ।

१५. बीउआलु उत्पादन गर्नको लागि छनौट भएका आवेदकहरुले अनिवार्य रुपमा बीउआलु प्रमाणीकरण गराउनु पर्नेछ। प्रमाणीकरण नगरिएको खण्डमा अनुदान रकम उपलव्ध गराईनेछैन।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालनका क्रियाकलापहरु

१६. <u>संचालन हुने क्रियाकलापहरु</u>:यस कार्यक्रम सञ्चालन प्रकृया अन्तर्गत सञ्चालन हुने कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

(क) अभिमुखीकरण कार्यक्रमः कार्यक्रम संचालन गर्नुपूर्व क्लस्टरमा संलग्न कृषकहरुलाई बीउआलु आत्मनिर्भर कार्यक्रम र बीउआलु उत्पादन सम्वन्धी आवश्यक जानकारी दिनको लागि हरेक क्लस्टरले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) आलुको पूर्व मूलबीउ, मूलबीउ, प्रमाणीत प्रथम र प्रमाणीत द्वितिय बीउ उत्पादन खरिदमा सहयोगः बीउआलु उत्पादनको लागि पुर्व मूलबीउ, मूलबीउ, प्रमाणीत प्रथम र प्रमाणीत द्वितिय बीउ उत्पादन खरिदको लागि अनुदान दिईनेछ। पूर्व मूल बीउआलु, मूलबीउ, प्रमाणीत प्रथम र प्रमाणीत द्वितिय बीउ उत्पादनको व्यवस्थापन तथा खरिद कार्य अनुदानग्राही आफैले गर्नुपर्नेछ।

(ग) बीउआलु उत्पादन अनुमती पत्र लिनेः बीउआलु उत्पादन गर्नको लागि आवश्यक अनुमति पत्र प्राप्त गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ। अनुमति पत्र नभएका उत्पादकलाई अनुदान दिईनेछैन।

(घ) बीउआलु प्रमाणीकरणः बीउआलुलाई प्रमाणीकरण गराएर मात्र विक्री वितरण गर्नुपर्नेछ। बीउ विजन निरिक्षण निर्देशिका, २०७४ अनुसार बाली निरिक्षण तथा प्रमाणीकरण गराउनको लागि बाली निरिक्षकको दैनिक भ्रमण भत्ता तथा बीउको ट्याग वनाउनको लागि लाग्ने खर्च कार्यक्रम अनुसार उपलव्ध गराईनेछ। नपुग हुने रकम अनुदानग्राही स्वयंले व्यहोर्नुपर्नेछ। प्रमाणीकरण गर्ने कार्यको व्यवस्थापन अनुदानग्राही आफैले गर्नुपर्नेछ।

(ङ) बीउआलु भण्डारणः उत्पादन भएको बीउआलु शीत भण्डार वा रस्टिक स्टोरमा भण्डारण गर्न सकिनेछ। यस कार्यक्रमवाट मूल बीउ, प्रमाणीत प्रथम र प्रमाणीत द्वितिय स्तरका आलुको भण्डारण शुल्कमा अनुदान रकम उपलव्ध गराईनेछ।

(च) बीउआलु वितरणः कार्यक्रममा तोकिए अनुसारको परिमाणको विभिन्न स्तरको बीउआलु वितरणको लागि अनुदान भुक्तानी हुनेछ। प्रस्तावक आफैले प्रमाणीत बीउआलु खरिद गरी वितरण गर्नुपर्नेछ।

(छ) यान्त्रिकरण सहयोगःतराईका जिल्लाहरुमा बीउआलु उत्पादनमा यान्त्रिकरणको लागि पावर टिलर, आलुको ड्याङ् वनाउने पावर टीलर एटेचमेन्ट, आलु रोप्ने ट्र्याक्टर एटेचमेन्ट र आलु खन्ने पावर टिलर एटेचमेन्टहरु तथा पहाडका जिल्लाहरुमा मिनि टिलर, आलुको ड्याङ् वनाउने मेशिन, आलु खन्ने पावर टिलर वा मिनि टिलर एटेचमेन्टहरु खरिदमा रकम उपलव्ध गराईनेछ। यन्त्रहरुको परिमाण वार्षिक कार्यक्रममा तोकिए वमोजिम हुनेछ। अनुदानग्राही आफैले यन्त्रहरु नियमानुसार खरिद गरिसकेपछि मात्र रकम भुक्तानी हुनेछ।

(ज) आकस्मिक बाली संरक्षण सेवाःबीउआलु उत्पादन क्षेत्रमा विभिन्न रोग तथा किरावाट बालीलाई बचाउनको लागि आवश्यक वाली संरक्षण सामग्री खरिद गरी प्रयोग गर्नको लागि अनुदान रकम उपलव्ध गराईनेछ।

(झ) आलु वजारीकरणको लागि बोरा खरिद तथा प्रिन्ट सहयोगःवीउआलु बजारीकरणको लागि वार्षिक कार्यक्रममा तोकिएको परिमाणमा वोरा खरिद तथा सो वोरामा समूह/सहकारी/निजी फार्मको विवरण, आलुको स्तर तथा जात, उत्पादन क्षेत्र, तौल लगायतका अन्य आवश्यक विवरण राखी प्रिन्ट गर्नको लागि रकम उपलव्ध गराईनेछ। अनुदानग्राही आफैले बोरा खरिद तथा प्रिन्ट गर्ने सम्पूर्ण कार्य व्यवस्थापन गर्नुपर्नेछ।

(ञ) होर्डिङ्ग बोर्डः अनुदानग्राहीले बीउआलु उत्पादन स्थलमा वीउ उत्पादन तथा अनुदान सम्वन्धी विवरण सहित होर्डिङ्ग बोर्ड राखुपर्नेछ।

(ट) प्रतिवेदन तयारीःहरेक वर्षको बीउआलु उत्पादन, सम्पन्न गरिएका क्रियाकलाप लगायतको विस्तृत विवरण समावेश गरी प्रगति प्रतिवेदन तयार गरीकेन्द्रलाई पेश गर्नुपर्नेछ। अन्तिम किस्ताको भुक्तानी माग गर्दा प्रतिवेदन सहित आवश्यक कागजात पेश गर्नुपर्नेछ। यस शीर्षकको रकम प्रतिवेदन तयार गर्नको लागि तयारकर्ताको पारिश्रमिक, स्टेशनरी लगायतमा खर्च गर्न सकिनेछ।

(ठ) केन्द्रले बीउआलु आत्मनिर्भर कार्यक्रमसँग सम्वन्धित सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, जिल्लाहरुमा अभिमुखीकरण, कृषक स्तरीय तथा अधिकृत स्तरीय बीउआलु प्रमाणीकरण सम्वन्धी तालिम, अन्तरक्रिया कार्यक्रम, कार्यक्रम सञ्चालनको लागि सहजकर्ता करारमा लिने लगायतका अन्य आवश्यक कार्य नियमानुसार सञ्चालन गर्नेछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

## परिच्छेद-५

## अनुदानग्राहीले पालना गर्नुपर्ने विषय

१७. अनुदान रकम अनुदानग्राहीको बैंक खातामा भूक्तानी गरिनेछ। प्रमाणीकरण निकायवाट पहिलो वाली निरिक्षण गराई प्रतिवेदन लिई सकेपछिमात्र पहिलो किस्ताको रकम भुक्तानी हुनेछ। अनुदानग्राहीले बीउआलु उत्पादनको लागि आवश्यक मेशिनरीहरु, पूर्वमूल वीउआलु खरिद, आधारभूत तथ्याङ्क सङ्कलन, अभिमुखीकरण, आलुको वीउ खरिद गरी रोप्ने, होर्डिङ्ग वोर्ड राखि सकेपछि कार्य प्रगतिको आधारमा उपसमितिको सिफारिशमा पहिलो किस्ता भुक्तानी हुनेछ।

१८. दोस्रो वा अन्तिम भुक्तानीको लागि बीउआलु खन्ने बखत प्रमाणीकरण निकायवाट वाली तथा दाना निरक्षणको प्रतिवेदन प्राप्त भए पश्चात बीउआलु शीत भण्डारण भए पछि अन्तिम प्रतिवेदन तयार गरीदोस्रो वा अन्तिम भुक्तानीको लागि माग गर्नुपर्नेछ।

१९. अनुदानग्राहीले पालना गर्नु पर्ने न्यूनतम शर्तहरूमा उत्पादनको लागि गरिएका बीउ उत्पादनलाई प्रमाणीकरण, ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेवलिङ्ग गरिएको हुनु पर्नेछ।

२०. अनुदानग्राहीले पालना गर्नु पर्ने अन्य विषयहरु देहाय बमोजिम हुनेछः-

(क) अनुदानग्राहीले प्रस्ताव अनुसारका क्रियाकलाप झल्कने गरी होर्डिङ् वोर्ड राख्नु पर्नेछ।

(ख) कार्य सञ्चानलका क्रममा अनुगमनमा खटिएका निकायको निर्देशन पालना गर्नु पर्नेछ।

(ग) अनुदानग्राहीले अनुदान प्राप्त गर्न छोडेको कम्तीमा ५ वर्ष सम्म बीउआलु उत्पादनलाई निरन्तरता दिनुपर्नेछ।

(घ) नेपाल सरकारले जुनसुकै वखत अनुदानग्राहीको बीउआलु उत्पादन सम्वन्धी विवरण हेर्न सक्नेछ।

(ङ) अनुदानग्राहीले बाली विमा र बीउआलुको वजारीकरण गर्ने कार्य आफैले गर्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

२१. **अनुगमन व्यवस्था**:(१)बीउआलु उत्पादन कार्यको अनुगमन कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, केन्द्र तथा अन्य सम्वन्धित निकायवाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै पनि हुन सक्नेछ।

(२)उपदफा (१) वमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नुपर्नेछ।

(३)उपदफा (१) वमोजिमको अनुगमनको क्रममा दिईएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

२२.<u>कारवाहीको व्यवस्था</u>:(१)सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई प्राविधिक तथा मूल्याङ्कन समितिको सिफारिशमा केन्द्रले अनुदान रोक्का राख्न सक्नेछ।

(२)यस सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा कार्यक्रम निरन्तर नगरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी प्रचलित व्याज सहित असुल उपर गरिनेछ।

(३) प्रतिवद्धता पत्रमा उल्लेख भएको अवधिसम्ममा बीउआलु उत्पादन नगरेको पाईएमा कानून बमोजिम असुल उपर गरिनेछ।

२३. <u>प्रचलित कानून लागू हुने</u>:(१)यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यक्रम सञ्चालन प्रकृया बमोजिम कार्यान्वयन हुनेछ र यस कार्यक्रम सञ्चालन प्रकृयामा उल्लेख नभएका विषय प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

२४. <u>बाधा अड्चन निरुपण, संशोधन एवम् खारेजी</u>:(१)यस कार्यक्रम सञ्चालन प्रकृया कार्यान्वयनमा केही वाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण प्राविधिक तथा मूल्याङ्कन समितिले गर्नेछ।

(२) कृषि विभागले यस कार्यक्रम सञ्चालन प्रकृयामा आवश्यक परिमार्जन, संशोधन एवं खारेजी गर्न सक्नेछ।

सूय प्रसाद पौडेल
महानिर्देशक

श्री नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-१

(दफा ७ को उपदफा २ सँग सम्वन्धित)

| रु १० को टिकट |
|---|
| |

## आवेदन फारम

मितिः

श्रीमान प्रमुख ज्यू,
राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र,
खुमलटार, ललितपुर ।

**विषयः बीउआलु आत्मनिर्भर कार्यक्रममा सहभागी हुन पाँउ ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ केन्द्रबाट संचालित बीउआलु आत्मनिर्भर कार्यक्रमका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (**आवेदकको नाम तथा ठेगाना**)........................................ ले संचालन गर्ने 'बीउआलु उत्पादनको व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु........................../-(अक्षरेपी ..................................................................) को व्यवसायिक योजना तयारगरी आवश्यक अन्य काजगात सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौ । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ........................./( अक्षरेपी..................................) बाहेकको अन्य रकम( **आवेदकको नाम** )............................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................../-( अक्षरेपी...............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ केन्द्रबाट संचालित यस कार्यक्रममा छनौट गरिपाँउ भनी अनुरोध छ । साथै तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ सँलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ ।

### संलग्न कागजातहरु

(१) रु.१० को टिकट टाँसेको अनुसूची २ अनुसारको निवेदन
(२) दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
(३) आवेदकको कार्यसमितिको बैठकले बीउआलु आत्मनिर्भर कार्यक्रमको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपी।
(४) कम्तीमा पाँच वर्ष बीउआलु उत्पादन गर्ने कृषकहरुको प्रतिवद्धता जायर भएको र जग्गाको विवरण सहितको कृषकहरुसँग समूह/सहकारी/नीजि फार्मले गरेको सम्झौता पत्र। निजी फार्मको हकमा उक्त जग्गा भाडामा भएमा कम्तीमा ०० वर्षको नियमानुसार करार सम्झौता भएको वा नीजि भएमा जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी।
(५) मूल बीउ उत्पादन अनुमति पत्रको छायाप्रती।
(६) आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार ।
(७) अनुसूची २ अनुसारको व्यवसायिक योजना ।

निवेदक

नामः
पदः
आवेदकको नामः
ठेगानाः

छापः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

अनुसूची-२

(दफा ७ को उपदफा २ सँग सम्वन्धित)

व्यवसायीक योजना

खण्ड क प्रस्तावित कार्यक्रमको सारांश

| | |
|---|---|
| कार्यक्रमको नामः | |
| बीउआलु उत्पादन गर्न खोजेको जातहरु | १. |
| | २. |
| | ३. |
| | ४. |
| | ५. |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको ठेगानाः | |
| सम्पर्क टेलिफोन नं | |
| दर्ता बर्षः | |
| स्था.ले.न. र दर्ता बर्षः | |
| आवेदकको बैक खाता विवरणः | बैकको नामः<br>ठेगानाः<br>खाता नः<br>खाता सँचालकको नामः |
| आवेदकको परिचय तथा बीउआलु उत्पादनमा अनुभव | अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा सँलग्न राख्ने । |
| प्रस्तावित बीउआलु उत्पादनको सारसंक्षेप | |
| जम्मा लागत रु | |
| अनुदान माग रु | |
| स्वलगानी रु | |
| कार्यक्रम संचालन स्थल तथा सडक सुविधाः | जिल्लाः<br>म.न.पा/उ.न.पा ./न.पा ./गा.पा.<br>वार्ड नः<br>स्थानः<br>सडक सुविधाः |
| वर्तमान क्रियाकलापहरु | • |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

| | |
|---|---|
| | • <br> • |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य | • <br> • <br> • <br> • |
| प्रस्तावित कार्यक्रमको मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु <br> • <br> • <br> • <br> • |

## खण्ड २ व्यवसायको विवरण

| २.१ प्रस्तावित बीउआलु उत्पादन योजनाको भूमिका र पुष्ट्याइ |
|---|
| व्यवसायको छोटकरी विवरणः <br> • नाम, मुख्यकाम, प्रकृती, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, <br> • पहिचान गरिएका अवसरहरु, कृषि सामग्रीको उपलब्धता, प्रस्तावित कार्य, यसको प्रभाव, <br> • कृषकलाई प्रस्तावित कार्यक्रमबाट हुने फाइदाहरु <br> • कुन कुन स्तरको बीउआलु कति कति क्षेत्रफलमा को को कृषकले लगाउने हो, सो को स्पष्ट योजना, <br> • उत्पादित बीउआलु कसरी कहाँ कहाँ बिक्री वितरण कसरी व्यवस्थापन गर्ने? वजारिकरण योजना तयार गर्ने। |

| २.२ समस्याहरु, अवसरहरु | |
|---|---|
| प्रस्तावित कार्यक्रमका प्रमुख समस्या तथा अवसरहरु तथा तीनमा आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउछ र अवसरहरुको उचित उपयोग हुनेछ। | |
| समस्याहरु | अवसरहरु |
| १ <br> २ <br> ३ <br> ४ <br> ५ | |

| २.३ प्रस्तावित क्रियाकलापहरु |
|---|
| बढिमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहेस (के, कसरी, कस्ले, कहाँगर्ने) <br> क्रियाकलाप १ <br> क्रियाकलाप २ <br> क्रियाकलाप ३ <br> क्रियाकालप ४ <br> ............... <br> ............... <br> ............... |

पौडेल

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

| २.४ प्राप्त गर्न खोजिएको नतिजा/प्रतिफल (आ.व. २०७६/७७ देखि २०७९/८० सम्मको विवरण राख्ने) | | | | | |
|---|---|---|---|---|---|
| प्रतिफल सूचक | ईकाइ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| बीउआलु उत्पादन क्षेत्रफल | हे. | | | | |
| बीउआलु उत्पादन परिणाम | मे.टन | | | | |
| विक्रि परिमाण | मे. टन | | | | |
| आम्दानीमा बृद्धी | रु......../बार्षिक | | | | |
| रोजगारी बृद्धी | स्वरोजगार जना<br>बर्षैभरी रोजगार जना<br>आंशिक रोजगार कार्यदिन | | | | |

२.५ बीउआलुउत्पादन लक्ष्यको विस्तृत विवरण

| क्र.स. | बीउआलुको स्तर | आ.व. २०७६/७७ | | आ.व. २०७७/७८ | | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन |
| १. | मूल बीउआलु उत्पादन | | | | | | | | |
| २. | प्रमाणीत प्रथम बीउआलु | | | | | | | | |
| ३. | प्रमाणीत द्वितिय बीउआलु | | | | | | | | |
| ४. | उन्नत बीउआलु | | | | | | | | |

| २.६ प्रस्तावित यान्त्रिकरणको लागि मेशिनहरुको विवरण तथा स्पेशिफिकेशन |
|---|
| हाल के कस्ता खालका मेशीनहरु प्रयोग भई रहेका छन्, तिनिहरुको विवरण तथा यस कार्यक्रममा उल्लेखित मेशिनहरु के कसरी प्रयोग गर्ने, कति क्षमताको खरिद गर्ने, स्वामित्व कस्को हुने लगाएतका विस्तृत विवरण राख्ने। |

३ कार्य संचालन क्षमता र अनुभव

३.१ अनुभवः

- बीउआलुमा प्रमाणीकरण प्रक्रिया वारेमा जानकारी वा अनुभव भएको नभएको, बीउआलु प्रमाणीकरण गरी विक्रि वितरण गरेको नगरेको, बीउआलु प्रमाणीकरण गरी उत्पादन गर्न सक्ने नसक्ने, वारेमा सम्पूर्ण विवरण उल्लेख गर्ने।
- बीउ उत्पादन अनुमति पत्र लिएको नलिएको
- बीउआलु उत्पादनको अनुभव, बीउआलु सम्वन्धी तालिम प्राप्त कृषकहरुको संख्या, बाली संरक्षण तथा व्यवस्थापन एवं बजारीकरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

सम्बन्धी जानकारी, सेवा प्रदायक एवं विक्रेता वीचको सम्बन्ध आदी उल्लेख गर्ने।

**३.२ बीउआलु भणडारण तथा ढुवानी सम्वन्धी विवरण**

बीउआलु उत्पादन गरिसके पछि सो को लागि भण्डारको सुविधा के कस्तो छ? कोल्ड स्टोर, रस्टिक स्टोर वा अन्य भणडारणको सुविधाहरु उपलव्धता के कस्तो रहेको छ? कति अवधि भण्डारण गर्न सकिन्छ? भण्डारण गर्नको लागि ढुवानी सुविधा के कस्तो छ र कसरी गर्न सकिन्छ?

**३.३ पूर्व मूल बीउआलु (PBS)को व्यवस्थापनः**

पूर्वमूल बीउ आलुको श्रोत कहाँ हो? कसरी प्राप्त गर्ने? कुन कुन जातको कति परिमाणमा लगाउने? आदी वारेमा उल्लेख गर्ने। वार्षिक कति पूर्वमूल बीउ आवश्यक पर्ने हो, उल्लेख गर्ने।

**३.४ जनशक्ति**

आवेदककोमा पूर्णकालिन वा आंशिक जनशक्ती भएमा उल्लेख गर्ने।

- प्राविधिक जनशक्तिः
- व्यवस्थापकिय जनशक्तीः
- श्रमिकः

**४. कार्यतालिकाः** यस कार्यतालिकामा कार्यक्रमका क्रियाकलापहरु कहिले कहिले संचालन गर्ने हो सो को वारेमा उल्लेख गर्ने।

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**५. बालीपात्रोः** यसमा बीउआलु उत्पादनको लागि गरिने बार्षिक कृषिकर्महरुको विवरण तयार गर्ने।

| कृषिकर्मको विवरण | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
२०५२

## खण्ड ३ विक्री तथा आम्दानी विवरण

### ३.१ विक्रि आम्दानी प्रक्षेपण

| क स | बीउआलु उत्पादन | इकाई | परिमाण | मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| आ.व. २०७६/७७ | मूल बीउआलु उत्पादन | मे.टन | | | |
| | प्रमाणीत प्रथम बीउआलु | मे.टन | | | |
| | प्रमाणीत द्वितिय बीउआलु | मे.टन | | | |
| | उन्नत बीउआलु | मे.टन | | | |
| आ.व. २०७७/७८ | मूल बीउआलु उत्पादन | मे.टन | | | |
| | प्रमाणीत प्रथम बीउआलु | मे.टन | | | |
| | प्रमाणीत द्वितिय बीउआलु | मे.टन | | | |
| | उन्नत बीउआलु | मे.टन | | | |
| आ.व. २०७८/७९ | मूल बीउआलु उत्पादन | मे.टन | | | |
| | प्रमाणीत प्रथम बीउआलु | मे.टन | | | |
| | प्रमाणीत द्वितिय बीउआलु | मे.टन | | | |
| | उन्नत बीउआलु | मे.टन | | | |
| आ.व. २०७९/८० | मूल बीउआलु उत्पादन | मे.टन | | | |
| | प्रमाणीत प्रथम बीउआलु | मे.टन | | | |
| | प्रमाणीत द्वितिय बीउआलु | मे.टन | | | |
| | उन्नत बीउआलु | मे.टन | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

## खण्ड ४ व्यवस्थापन योजना

### ४.१ कृषि सामग्री तथा सेवा खरिद योजना

| क स | विवरण | इकाइ | परिमाण | जात वा प्रकार | आपूर्तीकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ५.२ जोखिम व्यवस्थापन

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृती र व्यापकता | व्यव्थापन रणनीति |
|---|---|---|---|
| उत्पादन | | | |
| बजारीकरण | | | |

### ५.३ रोग किरा व्यवस्थापन

प्रस्तवित क्षेत्रमा आलुमा लाग्ने रोगहरु, देखा पर्ने महिना, क्षति र व्यवस्थापन कसरी गरिन्छ?

| क्र.स. | रोगको नाम | रोग लाग्ने महिना | क्षतीको हद<br>(१-कम, २-ठिकै, ३ मध्यम, ४- उच्च क्षती, ५-अत्याधिक क्षती) | व्यवस्थापन विधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

प्रस्तवित क्षेत्रमा आलुमा लाग्ने कीराहरु, देखा पर्ने महिना, क्षति र व्यवस्थापन कसरी गरिन्छ?

| क्र.स. | कीराको नाम | कीरा लाग्ने महिना | क्षतिको हद<br><br>(१-कम, २-ठिकै, ३ मध्यम, ४- उच्च क्षती, ५-अत्याधिक क्षती) | व्यवस्थापन विधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

अनुसूची-३

(दफा ९ सँग सम्वन्धित)

## बीउआलु उत्पादन गर्नका लागि अनुदान उपलव्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फाराम

| क.स. | सूचक | अंक |
|---|---|---|
| १ | बीउआलु उत्पादनको लागि प्रस्तावित जमीनको उपयुक्तता | १० |
| १.१ | सडक सुविधा | ३ |
| क | कालो पत्रे भएको | ३ |
| ख | कच्ची सडक | २ |
| ग | सडक सुविधा नभएको | १ |
| १.२ | आलु उत्पादनको लागि सिंचाइ | ३ |
| क | भएको | ३ |
| ख | नभएको | २ |
| १.३ | बीउआलु उत्पादन | ४ |
| क | गरिएको | ४ |
| ख | नगरिएको | २ |
| २ | बीउआलु उत्पादनको लागि क्षेत्रफल | १० |
| क | अनुदानका लागि तोकिएको क्लस्टरको न्यूनतम क्षेत्रफल भन्दा १०० प्रतिशत वा सो भन्दा बढि | १० |
| ख | अनुदानका लागि तोकिएको क्लस्टरको न्यूनतम क्षेत्रफल भन्दा ५०, प्रतिशत भन्दा बढी १०० प्रतिशत भन्दा कम | ७.५ |
| ग | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल बराबर वा न्यूनतम क्षेत्रफल भन्दा ४९ प्रतिशत सम्म बढी | ५ |
| ३ | प्रस्तावकको आर्थिक क्षमताको अवस्था | १० |
| क | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० |
| ख | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ |
| ग | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० |
| ४ | व्यवसायिक योजना | १० |
| क | व्यवसायिक दृष्टीले बढी मुनाफाजनक, दीगो तथा प्रस्ट | १० |
| ख | व्यवसायिक दृष्टीले कम मुनाफामूलक, कम दिगो तथा अस्पस्ट | ५ |
| ग | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | ० |
| ५ | आवेदक संस्थामा कृषि प्राविधिक क्षमताको अवस्था | १० |
| क | कृषि स्नातक | १० |
| ख | कृषि डिप्लोमा /आइ.एस्सी.एजी /जे.टी /जे.टी.ए. | ७.५ |
| ग | कृषि प्राविधिक नभएको | ५ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

| | | |
|---|---|---|
| ६ | जमीनको अवस्था | १० |
| क | आवेदकको आफ्नै जमीन | १० |
| ख | १५ बर्ष वा बढीको लिज | ७.५ |
| ग | ५ बर्ष देखि १४ बर्षको लिज | ५ |
| ७ | बीउआलु प्रमाणिकरण | १० |
| क | बीउआलु प्रमाणीकरण गरी उत्पादन गरिरहेको | १० |
| ख | बीउआलु उत्पादन गरेको तर प्रमाणीकरण नगरेको | ७.५ |
| ग | बीउआलु उत्पादन नगरेको | ५ |
| ८ | बीउआलु उत्पादन अनुमती पत्र | १० |
| क | भएको | १० |
| ख | नभएको तर लिने प्रक्रियामा रहेको | ५ |
| ग | नभएको | ० |
| ९ | बीउआलु भण्डारण व्यवस्था | १० |
| क | कोल्ड स्टोर/रस्टिक स्टोरको दुरी ५० कि.मि भन्दा कम भएको | १० |
| ख | कोल्ड स्टोर/रस्टिक स्टोरको दुरी ५० कि.मि भन्दा वढी | ५ |
| ग | कोल्ड स्टोर/रस्टिकस्टोरको सुविधा नभएको | ० |
| १० | बीउआलु उत्पादन योजना | ५ |
| क | भएको | ५ |
| ख | भएको तर तालमेल नमिलेको | २.५ |
| ग | नभएको | ० |
| ११ | वजारीकरण योजना | ५ |
| क | स्पष्ट भएको | ५ |
| ख | भएको तर अस्पष्ट | २.५ |
| ग | नभएको | ० |
| | जम्मा | १०० |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-४
( दफा १३ सँग सम्वन्धित)
प्रतिबद्धता पत्रको ढाँचा

.............................................केन्द्रको मिति २०७.............../...................../को सूचना अनुसार "बीउआलु आत्मनिर्भर कार्यक्रम" मा सहभागी हुन इच्छुक भइ सो कार्यक्रममा सहभागीताको लागि प्रस्तावसहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा प्रस्तावमा उल्लेख भए बमोजिमको कार्य गरी कम्तीमा ५(पाँच) बर्षसम्म निरन्तरता दिनेछु/छौं। प्रस्ताव अनुसारको कार्य नगरेमा वा ५(पाँच) बर्ष अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याजसहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौ ।अन्यथाऐन/ कानून बमोजिम सहुला/बुझाउँला।साथै, सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौ।

इति सम्बत२०७................./........................../......................गतेरोज................................शुभम।

नामः
ठेगानाः
दस्तखतः

मितिः

छापः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

सूय प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-५
( दफा १३ सँग सम्वन्धित)

## "बीउआलु आत्मनिर्भरकार्यक्रम" का लागि दुई पक्षीय सम्झौता

यो सम्झौता (यसपछि "सम्झौता" भनिएको) मिति २०७..... साल ........ महिनाको ....... गतेका दिन राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकासकेन्द्र (यसपछि प्रथम पक्ष भनिएको) र (अनुदानग्राहीको नाम तथा ठेगाना).............................(यसपछि द्वितिय पक्ष भनिएको) बीच" बीउआलु आत्मनिर्भर कार्यक्रम" सञ्चालन गरी बीउआलु उत्पादन तथा बजारीकरण कार्यका लागि देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ। यो सम्झौता दुबैपक्षहरुबाट हस्ताक्षर भएपछि यसै सम्झौताको बुँदा नं.३ मा उल्लेख भएको मिति देखि लागु हुनेछ।

१. सम्झौतामा संलग्नहरुको विवरणः
केन्द्रःनेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रले योसम्झौता कार्यान्वयनमा प्रथम पक्षको भूमिका निर्वाह गर्नेछ।
अनुदानग्राहीः............ जिल्ला, ..........म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वा.न. ............. स्थायी निवासी, श्री (बाजेको नाम).......................... कोनाति, श्री(बुबाको नाम) .................. ......को छोराश्री (अनुदानग्राहीको नाम) ........................................ .... 'का संचालक श्री (प्रोप्राइटरको नाम)................................... ले यो सम्झौता कार्यान्वयनमा द्वितिय पक्षको भूमिका निर्वाहगर्नेछ।

२. सम्झौता गरिएको कामको विवरण
"बीउआलु आत्मनिर्भर कार्यक्रम" अन्तरगत बीउआलु उत्पादन तथा बजारीकरण गर्ने प्रस्ताव प्रथम पक्षले स्वीकृत गरेको छ। यसले प्रथम पक्ष र द्वितिय पक्षबीच भए गरेका र सहमत भएका पछिल्ला सेवा तथा शर्तहरुसमेतलाई यसपछि उप आयोजना भनिनेछ। "बीउआलु आत्मनिर्भर कार्यक्रम कार्यक्रम सञ्चालन प्रकृया, २०७६" मा उल्लिखीत क्रियाकलाप द्वितिय पक्षले गर्नुपर्नेछ।

३. उप आयोजनाको समयावधि
यो सम्झौता अनुसार अनुदान प्राप्त उप आयोजना ........ महिनाका लागि कार्यान्वयन गरिनेछ र सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ। विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतिको परिशिष्टसहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ। उपरोक्त अनुसारको सहमति नभएसम्मका लागि यो उप आयोजनाको अवधि निम्नानुसार हुनेछ।

| | |
|---|---|
| शुरु मितिः | |
| सम्पन्न हुने मितिः | |

...पौडेल

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

४.उप आयोजनाको कूल लागत तथा अनुदान विवरण २०५२

उप आयोजनाको कूल लागत अनुमान रु. ....................(अक्षरेपी ............... रुपैयाँ मात्र) रहेकोछजसमध्ये ..........प्रथम पक्षले तालिकामा उल्लेख गरीए अनुसार कन्टिनजेन्सी रकम कट्टी गरी कुल रु. ....................(अक्षरेपी ............... रुपैयाँ मात्र) अनुदान उपलब्ध गराउनेछ।

तपिशल

| क्रस | विवरण | जम्मावजेट(रु.) |
|---|---|---|
| १ | पुँजिगत संरचना | |
| २ | मेशिनरी औजार | |
| ३ | चालु तथा अन्य | |
| | कूल लागत | |
| ४ | आवेदकले व्यहोर्ने रकम | |
| ५ | जम्मा अनुदान रकम | |
| ५ | कट्टी गर्ने कन्टिन्जेन्सी रकम | |
| ६ | केन्द्रवाट द्वितिय पक्षलाई उपलब्ध गराईने खुद अनुदान रकम | |

५.अनुदान प्रवाह तथा समायावधि

प्रथम पक्षले द्वितिय पक्षलाई बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ। प्रमाणीकरण निकायवाट पहिलो बाली निरिक्षण गराई प्रतिवेदन लिई सकेपछिमात्र पहिलो किस्ताको रकम भुक्तानी हुनेछ। अनुदानग्राहीले बीउआलु उत्पादनको लागि आवश्यक मेशिनरीहरु, पूर्वमूल वीउआलु खरिद, आधारभूत तथ्याङ्क सङ्कलन, अभिमुखीकरण, आलुको बीउ खरिद गरी रोप्ने, होर्डिङ्ग वोर्ड राखि सकेपछि कार्य प्रगतिको आधारमा प्राविधिक तथा मूल्याङ्कन उपसमितिको सिफारिशमा पहिलो किस्ता बापत रु........................(अक्षरेपी...............................)भुक्तानी हुनेछ।बीउआलु खन्ने बखत प्रमाणीकरण निकायवाट बाली तथा दाना निरिक्षणको प्रतिवेदन प्राप्त भए पश्चात बीउआलु शीत भण्डारण भए पछि अन्तिम प्रतिवेदन प्राप्त भएपछि दोस्रो वा अन्तिम किस्ता बापत बापत रु........................(अक्षरेपी...............................)भुक्तानी हुनेछ।अनुदान रकम अनुदानग्राहीको बैंक खातामा उपलब्ध गराइनेछ र अनुदानग्राहीको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ र यदि सम्झौता अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन भएमा प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

बैंक खाताको विवरण
बैंकको नाम र ठेगानाः
बैंक खाता नं.:
बैंक खाताको किसीमः
खाता संचालकको नाम तथा पदः

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

६. सम्झौता भएपछि द्वितिय पक्षले नेपाल सरकारको लोगोसहित उप आयोजनाको लागत र अनुदान रकम उल्लेख गरी ५x६ फिटको होर्डिग बोर्ड सबैले देखेगरी उप आयोजना स्थलमा राख्नुपर्नेछ। कार्य सम्पन्न भएपछि द्वितिय पक्षले सार्वजनिक सुनुवाई गर्नुपर्नेछ र उक्त सार्वजनिक सुनुवाइको माइनुटको रेर्कड केन्द्रमा पठाउनु पर्नेछ।

७. कन्टीन्जेन्सी रकम कट्टी

प्रथम पक्षले उप आयोजना संचालनका लागि बिनियोनित अनुदान रकम मध्येबाट २ प्रतिशत रकम कन्टीन्जेन्सी बापत कट्टी गरी बाँकी रकम भुक्तानी गर्नेछ।

| प्रथम पक्षको तर्फबाट | द्वितिय पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नाम र ठेगानाः | संस्थाको नाम र ठेगानाः |
| मितिः | मितिः |
| हस्ताक्षरः | हस्ताक्षरः |

साक्षी

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नाम र ठेगानाः | संस्थाको नाम र ठेगानाः |
| मितिः | मितिः |
| हस्ताक्षरः | हस्ताक्षरः |

सूर्य प्रसाद पौडेल
महानिर्देशक